त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा
बल्खु

# Bachelors in Information Technology (BIT) विषय २०८२ को प्राथमिकता क्रम (Priority Form) भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा २०८२ साल कार्त्तिक २९ गते शनिबारका दिन संचालन भएको चार वर्षे स्नातक तह Bachelors in Information Technology (BIT) विषय २०८२ को प्रवेश परीक्षामा सम्मिलित भई **उत्तीर्ण भएका** विद्यार्थीहरुलाई यस कार्यालयको webpage https://iost.tu.edu.np मा रहेको Link प्रयोग गरी आफू पढ्न ईच्छुक क्याम्पसहरुको Priority Form भर्न सूचित गरिन्छ । प्राथमिकता क्रम (Priority Form) भर्दा परीक्षार्थीहरुले निम्न कुराहरु ध्यान दिनु पर्नेछ ।

क) परीक्षार्थीहरुले आ-आफ्नो Score Sheet Download गरी आफुले प्राप्त गरेको Score र Rank को जानकारी राख्नु पर्दछ ।

ख) BIT कार्यक्रम संचालन गर्ने क्याम्पसहरुको नामावली र तिनमा रहेको विद्यार्थी कोटा देहाय अनुसार रहेको छ ।

| आंगिक क्याम्पसहरु | कोटा | आंगिक क्याम्पसहरु | कोटा |
|---|---|---|---|
| पाटन संयुक्त क्याम्पस, पाटनढोका | 72 | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज | 36 |
| अमृत क्याम्पस, लैनचौर | 36 | सिद्धनाथ विज्ञान क्याम्पस, महेन्द्रनगर | 36 |
| भक्तपुर बहुमुखी क्याम्पस, भक्तपुर | 72 | रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, जनकपुर | 36 |
| पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार | 36 | ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज | 36 |
| वीरेन्द्र वहुमुखी क्याम्पस, भरतपुर, चितवन | 36 | सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस, सिराहा | 36 |
| महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस, विराटनगर | 36 | महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराज, सप्तरी | 36 |
| केन्द्रीय प्रविधि क्याम्पस, धरान | 36 | डिग्री क्याम्पस, विराटनगर | 36 |
| भैरहवा बहुमुखी क्याम्पस, भैरहवा | 36 | | |

ग) परीक्षार्थीहरुले प्राप्त गरेको Rank लाई मुख्य आधार र परीक्षार्थीले तोकेको क्याम्पसलाई सहायक आधार बनाई भर्ना सूची प्रकाशन गरिने छ । उदाहरणको लागि: प्रथम Rank ल्याउने परीक्षार्थीले तोकेको प्राथमिकता क्रममा पहिलो स्थानमा तोकिएको क्याम्पसलाई भर्नाको लागि सूचिकृत गरिने छ । त्यसपछि दोस्रो, तेस्रो, ....... क्रमश: Rank हासिल गर्ने परीक्षार्थीहरुलाई उनीहरुकै Rank र त्यस पश्चात प्राथमिकता क्रम अनुसारले भर्नाको लागि सूचिकृत गरिन्छ ।

घ) परीक्षार्थीहरुले आफूले प्राप्त गरेको Rank र Score अनुसारले मनन् गरेर आफ्नो लागि उपयुक्त क्याम्पस तोक्नको साथै प्राथमिकता क्रम (Priority Form) पनि सोही अनुसार भर्न सल्लाह दिईन्छ ।

ङ) आफूले पढ्न खोजेको क्याम्पसहरुलाई उच्च प्राथमिकता देखि न्यून प्राथमिकता सम्म जतिसुकै क्याम्पसहरुमा पनि प्राथमिकता क्रम (Priority Form) तोक्न पाईनेछ ।

च) प्रवेश परीक्षामा उत्तीर्ण भएका **छात्रा परीक्षार्थीहरुले मात्र पद्मकन्या बहुमुखी क्याम्पसमा** प्राथमिकता क्रम (Priority Form) भर्न सूचित गरिन्छ ।

छ) प्राथमिकता क्रम फारम (Priority Form) भरे वापत छुट्टै शुल्क लाग्ने छैन । परीक्षार्थीले परीक्षा फारम भर्दा शुल्क बुझाए वापत प्राप्त भौचर कोड (Product Id) प्रयोग गरी प्राथमिकता क्रम फारम (Priority Form) भर्नु पर्नेछ ।

ज) प्राथमिकता क्रम (Priority Form) भर्ने अवधी २०८२ साल **कार्त्तिक ३० गते देखि २०८२ साल मंसिर ४ गते सम्म** हुनेछ । यस अवधीमा जति पटक पनि प्राथमिकता क्रम सच्याउन सकिने छ । हरेक पटक सच्याउँदा Submit गरी Confirm गर्नु हुन सबैमा सूचित गरिन्छ । अन्तिम पटक सच्याएर Submit/Confirm गरेकोलाई Fix गरिने छ र त्यसलाई नै अन्तिम मानिने छ । प्राथमिकता-सूचीलाई प्रथम भर्नासूची प्रकाशन साथै सबैको जानकारीको लागि प्रकाशित गरिने छ ।

**भर्नाको लागि प्रथम सूची प्रकाशन मिति : २०८२।०८।०५ गते**

सहायक डीन

मिति:२०८२।०७।२९